फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
फ्याक्स (Fax No.) ०१-४४५१२४२ (01-4451242)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
३ नं. प्रदेश (3 No. Province)

प.सं. ०८१/०८२
च.नं. ८६१

मितिः २०८१।०९।११

**विषयः रिक्त पदमा निम्न माध्यमिक तह तृतीय श्रेणी गणित विषयको स्थायी शिक्षक सरूवा सम्बन्धी सूचना ।**

श्री जो जससँग सम्बन्धित छ।

काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका अन्तर्गत श्री बाल विकास माध्यमिक विद्यालय कागेश्वरी मनोहरा वडा नं २ आलापोटमा रिक्त रहेको निम्न माध्यमिक तह तृतीय श्रेणी गणित विषयको स्वीकृत दरवन्दीमा सरूवाको प्रक्रिया अगाडि बढाइदिनुहुन भनि विद्यालयको पत्र संख्या २०८१/०८२, च.नं. ४१, मिति २०८१ ।०९।०८ को प्राप्त पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमतिसहित सम्बन्धित विद्यालयमा विद्युतीय माध्यम वा स्वयम् आफू उपस्थित भई निवेदन दिन शिक्षक सरूवा सम्बन्धी निर्देशिका २०८१ को दफा (९) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्च**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना balbikassecondaryschool@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघेको वा तोकिए बमोजिमको रीत नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

९।११
.............................
(सागर मिश्र)
प्रमुख प्रशासकीय
अधिकृत

**वोधार्थः**

श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, ताहाचल, काठमाडौं।
श्री बाल विकास माध्यमिक विद्यालय कागेश्वरी मनोहरा नगरपालिका - २ आलापोटः
निर्देशिकाको अनुसूची -३ वमोजिम निवेदन दर्ता र अभिलेख राख्नुहुन।
श्री सूचना तथा प्रविधि शाखाः वेबसाइटमा अपलोड गरी केन्द्रको tt@cehrd.gov.np इमेलमा जानकारी पठाइदिनुहुन ।